केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/१४/०७६/७७ मिति: २०७७/०१/१६

**इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकवाट "क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन २०७६ को विभिन्न निर्देशनहरुमा देहायबमोजिम संशोधन गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

**१. एकीकृत निर्देशन, २०७६ को इ.प्रा.निर्देशन नं. २/०७६ को बुँदा नं. १ को उप बुँदा (क) को खण्ड (२) मा प्रतिवंधात्मक वाक्यांश थप गर्ने ।**

**तर, लकडाउनको अवधिभर नबिकरण गर्नुपर्नेमा लकडाउनको कारणले नबिकरण नभएका कर्जाहरु वा नियामकिय निर्देशनका आधारमा भुक्तानी अबधि थप गरिएका कर्जाहरु सुक्ष्म निगरानी वर्गमा वर्गीकरण गर्न अनिवार्य हुने छैन ।**

**२. एकीकृत निर्देशन, २०७६ को इ.प्रा. निर्देशन नं.५/०७६ को बुँदा नं ६ मा उपबुँदा नं. ६ को खण्ड (ग) लाई संशोधन गर्ने ।**

**(ग) विदेशी बैंक, वित्तीय संस्था वा अन्य संस्थासँग विदेशी मुद्रामा १ वर्ष वा सो भन्दा बढी अवधिको ऋण वा निक्षेप लिएको भएमा त्यस्तो रकमलाई यस खण्डको प्रयोजनको लागि स्रोत परिचालनमा गणना गर्न सकिनेछ ।**

**३. एकीकृत निर्देशन, २०७६ को इ.प्रा. निर्देशन नं.५/०७६ को बुँदा नं ६ मा उपबुँदा नं. ६ को खण्ड (ग) लाई थप गरी क्रमसंख्या मिलान गर्ने ।**

**(ग) एक बर्ष भन्दा बढी भुक्तानी अवधि बाँकी रहेका दुई वा दुई वर्ष भन्दा बढी अवधिका मुद्धती निक्षेप रकम बराबरको शत प्रतिशत कर्जा प्रबाह गर्न सकिने छ ।**

**४. एकीकृत निर्देशन, २०७६ को इ.प्रा. निर्देशन नं.६/०७६ को बुँदा नं. ६ को पहिलो वाक्यमा संशोधन ।**

इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले आफ्ना कर्मचारीहरुको दक्षता अभिवृद्धिका लागि प्रत्येक वर्ष गत आर्थिक वर्षको कुल तलबभत्ता खर्चको न्यूनतम ३ प्रतिशत रकम तालिम तथा वृत्ति विकासमा खर्च गर्नु पर्नेछ ।

**तर, यो व्यवस्था आर्थिक वर्ष २०७६/७७ को लागि अनिवार्य हुने छैन ।**

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

५. एकीकृत निर्देशन, २०७६ को इ.प्रा.निर्देशन नं. १२/०७६ को बुँदा नं. २ को उपबुँदा २.१ मा संशोधन ।

२.१ इजाजतपत्रप्राप्त संस्थाले केन्द्रमा देहाय अनुसारको कर्जा सम्वन्धी विवरण (क.सू.फा.नं. १ र २) **देहायको समयावधिभित्र पठाउनु पर्नेछ ।**

(क) आफूले स्वीकृत गरेको सम्पूर्ण कर्जा/सुविधा **कर्जा प्रवाह गरेको ७ दिनभित्र ।**

(ख) ९० दिन भन्दा बढीले भाखा नाघेका सम्पूर्ण कर्जा/सुविधा **महिना भुक्तान भएको १५ दिनभित्र ।**

६. एकीकृत निर्देशन, २०७६ को इ.प्रा. निर्देशन नं.१५/०७६ को बुँदा नं १ को उप बुँदा २ मा खण्ड (ख) मा संसोधन ।

**(ख) बोलकवोल (Bidding) को आधारमा संकलन हुने मुद्धती निक्षेपको हकमा प्रकाशित व्याजदरमा नबढ्ने गरी निक्षेप संकलन गर्नु पर्नेछ । यसरी प्रकाशित व्याजदर तीन महिना सम्म परिवर्तन गर्न पाइने छैन ।**

७. एकीकृत निर्देशन, २०७६ को इ.प्रा. निर्देशन नं.१५/०७६ को बुँदा नं.३ को उपबुँदा ३ मा संशोधन ।

(३) कर्जाको प्रकार तथा भुक्तानी अवधिका आधारमा छुट्टाछुट्टै प्रिमियम दर तय गरी त्रैमासिक रुपमा कर्जा तथा सापटको व्याजदर निर्धारण तथा प्रकाशन गर्नु पर्नेछ । **यसरी व्याजदर निर्धारण तथा प्रकाशन गर्दा निश्चित प्रकारको आवधिक कर्जाका लागि तोकिएको अवधिभर व्याजदर परिवर्तन नहुने गरी स्थिर व्याजदर निर्धारण गरी सो समेत प्रकाशन गर्नु पर्नेछ ।** व्याजदर प्रकाशन गर्दा कर्जा शीर्षक अनुसार आधार दरमा थप गरिने प्रिमियम दर स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । प्रकाशित प्रिमियम दर परिवर्तन गर्दा अर्धवार्षिक रुपमा परिवर्तन गर्न सकिनेछ । तर, प्रिमियम दर घटाउनु पर्ने भएमा अर्धवार्षिक भन्दा कम समयावधिमा पनि प्रकाशित प्रिमियम दर परिवर्तन गर्न सकिनेछ ।

८. एकीकृत निर्देशन, २०७६ को इ.प्रा. निर्देशन नं.२१/०७६ को बुँदा नं ३० को उप बुँदा (४)को खण्ड (क), (ख) मा संशोधन ।

(क)परियोजना कर्जाको रुपमा साना तथा मझौला उद्यमहरुमा बैंक तथा वित्तीय संस्थाबाट प्रवाहित **रू १५ लाखसम्मको** असल कर्जाको धितो सुरक्षणमा वार्षिक **२.० प्रतिशत** व्याजदरमा पुनरकर्जा सुविधा उपलब्ध गराइने छ ।

(ख)यस्तो पुनरकर्जा सुविधा उपयोग गर्दाको अवधिमा बैंक तथा वित्तीय संस्थाहरुले सम्बन्धित ऋणीबाट **५.० प्रतिशत** भन्दा बढी व्याज लिन पाउने छैनन् ।

केन्द्रीय कार्यालय,
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

**९. एकीकृत निर्देशन, २०७६ को इ.प्रा. निर्देशन नं.१३/०७६ को बुँदा नं १ को उप बुँदा (१)मा संशोधन ।**

(१) यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका संस्थाले कुल निक्षेप दायित्वको **३ (तीन) प्रतिशत** अनिवार्य मौज्दात वापत यस बैंकमा राख्नु पर्नेछ । यस व्यवस्था बमोजिम कायम गर्नु पर्ने अनिवार्य नगद मौज्दातको न्यूनतम ७० प्रतिशत रकम दैनिक रुपमा यस बैंकमा राख्नु पर्ने छ ।

**१०. एकीकृत निर्देशन, २०७६ को इ.प्रा. निर्देशन नं.२१/०७६ को बुँदा नं ९ मा संशोधन ।**

९. बैंकदर सम्बन्धमा:

यस बैंकबाट इजाजतपत्रप्राप्त संस्थाहरुलाई प्रचलित ऐनमा भएको व्यवस्था अनुसार उपलब्ध गराईने कर्जाको ब्याजदर (बैंकदर) **५ प्रतिशत** कायम गरिएको छ ।

भवदीय,

(देव कुमार ढकाल)
कार्यकारी निर्देशक

**बोधार्थ :**
(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
(२) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
(३) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार ।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
(५) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
(७) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
(८) श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
(९) श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
(१०)श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल बिजनेश पार्क, थापाथली ।
(११)श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर ।
(१२)श्री नेपाल वित्तीय संस्था संघ, डिल्लीबजार ।